# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या- ६ मितिः २०७६/ /

भाग-२

## प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन (प्रथम संशोधन) निर्देशिका, २०७६

# भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प्रमुख

## प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन (प्रथम संशोधन) निर्देशिका, २०७६

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।११।०७**

१. (१) यस निर्देशिकाको नाम प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन (प्रथम संशोधन) निर्देशिका, २०७६ रहेको छ ।

२. दफा ४ उपदफा(३) मा रहेको यस ऐन भन्ने शब्दको सट्टा यस निर्देशिका बमोजिम भन्ने गरिएको छ ।

३. दफा ११ को उपदफा (१) को खण्ड (क) प्रारम्भिक वाल शिक्षा केन्द्रको पछिवा प्रारम्भिक वाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्रका लागि भन्ने गरिएको छ ।

४. निर्देशिकाको दफा १२ पछि देहायको दफा १२क. थप गरिएको छ : **१२क. केन्द्र समन्वय समिति**

(१) केन्द्रको रेखदेख,समन्वय र व्यवस्थापनमा सहयोग गर्नका लागि देहायबमोजिमको एक समिति रहनेछ

| | |
|---|---|
| (क) शैक्षिक प्रशासन महाशाखा प्रमुख | संयोजक |
| (ख) वडा अध्यक्षमध्येबाट नगर प्रमुखले तोकेको १ जना | सदस्य |
| (ग) केन्द्रका संचालकमध्येबाट नगर प्रमुखले तोकेको २ जना | सदस्य |
| (घ) सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

(२) केन्द्र समन्वय समितिको बैठक कम्तीमा वर्षमा चारपटक बस्नेछ ।

(३) केन्द्र समन्वय समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित वडा अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) केन्द्र समन्वय समितिका मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) दफा १४.१ मा रहेको यो नियमावली भन्ने शब्दको सट्टा यो निर्देशिका भन्ने शब्द राखिएको छ । साथै सोही दफाको उपदफा (२) को उपयुक्तताको आधारमा कुनै एक पछि कुनै एक वा दुवैको अनुमति दिनसक्नेछ भन्ने गरिएकोछ ।

(६) दफा १८ को उपदफा (१) को अनुमति नदिइ केन्द्र संचालन गरेमा भन्ने शब्द पछि प्रमुख प्रशासकीय अधिकृतले भन्ने शब्द थप गरिएको छ ।



प्रमुख

प्रमुख

(७) नक्सांकनका आधारमा पुर्नवितरण गर्दा वा नयाँ खोल्दा नक्सांकनभित्र गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ भन्ने शब्दको सट्टा पुनर्वितरण गर्दा, नयाँ खोल्दा र स्थानान्तरण गर्दा कम्तीमा ५०० मिटरभित्र सञ्चालन गर्न नसकिने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

प्रमुख